नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, जेठ १५ गते, २०७९ साल (अतिरिक्ताङ्क ७

भाग ३

नेपाल सरकार

अर्थ मन्त्रालयको

सूचना १

मूल्य अभिवृद्धि कर (चौबिसौं संशोधन) नियमावली, २०७९

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "मूल्य अभिवृद्धि कर (चौबिसौं संशोधन) नियमावली, २०७९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ७क. मा संशोधनः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ७क. को सट्टा देहायको नियम ७क. राखिएको छः-

"**७क. अस्थायी दर्ता सम्बन्धी विशेष व्यवस्थाः** (१) अस्थायी रुपमा आयोजना गर्ने प्रदर्शनी, मेला तथा यस्तै प्रकृतिका कार्यक्रम गर्ने मूल्य अभिवृद्धि करमा दर्ता नभएकाले ऐनको दफा १०क. बमोजिम कारोबार दर्ता गर्न सम्बन्धित आयोजकको सिफारिस सहित कर अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा त्यस्तो कार्यक्रमबाट प्राप्त हुने आयको पूर्वानुमान गरी सो आयको दुई प्रतिशतले हुने रकम धरौटी राख्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा कर अधिकृतले त्यस्तो कारोबार मूल्य अभिवृद्धि करमा दर्ता गरी निवेदकलाई दर्ता नम्बर सहितको प्रमाणपत्र दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम दर्ता भएकाले प्रदर्शनी, मेला तथा यस्तै प्रकृतिका कार्यक्रम समाप्त भएको सात दिनभित्र कर अधिकृत समक्ष मूल्य अभिवृद्धि कर विवरण र मूल्य अभिवृद्धि कर दाखिला गरी अस्थायी दर्ता खारेजीका लागि स्थायी लेखा नम्बरको सक्कल प्रमाणपत्र, अस्थायी दर्ता भएको अवस्थाको कर चुक्ता प्रमाणपत्र र आयोजकको सिफारिस सहित निवेदन दिनु पर्नेछ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. <u>मूल नियमावलीमा नियम १६क. थपः</u> मूल नियमावलीको नियम १६ पछि देहायको नियम १६क. थपिएको छः-

"**१६क. <u>विद्युतीय सेवाको आपूर्तिको स्थानः</u>** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्था मध्ये कुनै एक अवस्था पूरा भएमा गैरबासिन्दा व्यक्तिले उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको आपूर्तिको स्थान नेपाल मानिनेछः-

(क) नेपालभित्र सेवा प्राप्त गरेमा,

(ख) नेपालको ठेगानामा बीजक जारी गरेमा,

(ग) नेपालको बैङ्कमा भएको बैङ्क खाता र रकम भुक्तानीका लागि अनुमति प्राप्त संस्था तथा निकायबाट रकम भुक्तानी भएमा,

(घ) नेपालको बैङ्क तथा अनुमति प्राप्त भुक्तानी प्रदायक संस्था तथा निकायबाट जारी भएको डेविट कार्ड, क्रेडिट कार्ड वा अन्य यस्तै कार्ड मार्फत भुक्तानी भएमा,

(ङ) नेपालभित्र भएको इन्टरनेट पहिचान ठेगाना (इन्टरनेट प्रोटोकल एड्रेस) प्रयोग गरी सेवा प्राप्त गरेमा,

(च) नेपालको कोड भएको सिम कार्ड वा ल्याण्डलाईन टेलिफोन प्रयोग गरी सेवा प्राप्त गरेमा।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. **मूल नियमावलीको नियम ३९क. मा संशोधनः** मूल नियमावलीको नियम ३९क. को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) देहायको अवस्था परी कुनै वस्तु हानि नोक्सानी भएमा त्यस्तो वस्तुमा तिरेको कर कट्टी गर्नको लागि प्रमाण सहित देहाय बमोजिमको अवधिभित्र कर अधिकृत समक्ष निवेदन दिनु पर्नेछः-

(क) आगजनी, चोरी, दुर्घटना, टुटफुट, ध्वंसात्मक गतिविधिका कारणले हानि नोक्सानी भएको वस्तुको हकमा त्यस्तो अवस्था भएको मितिले तीस दिनभित्र,

(ख) उपयोग गर्ने म्याद सकिएको वस्तुको हकमा साउनदेखि असोजसम्ममा उपयोग गर्ने म्याद सकिएका वस्तुको कात्तिक पच्चीस गतेभित्र, कात्तिक देखि पुषसम्ममा उपयोग गर्ने म्याद सकिएको वस्तुको माघ पच्चीस गतेभित्र, माघदेखि चैतसम्ममा उपयोग गर्ने म्याद सकिएको वस्तुको वैशाख पच्चीस गतेभित्र र वैशाखदेखि असारसम्ममा उपयोग गर्ने म्याद सकिएका वस्तुको साउन पच्चीस गतेभित्र।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।